# सूचना हक सम्बन्धी ऐन २०६४ को दफा ५ उपदफा (३) बमोजिम हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेडसंग सम्बन्धित देहायका आ.व. २०७४/०७५ प्रथम त्रैमासको सूचना अध्यावधिक गरि प्रकाशन गरिएको छ

१. **निकायको स्वरुप र प्रकृति**: कम्पनी ऐन, २०६३ बमोजिम २०४५ साल मार्ग ४ गते नेपाल सरकार, उद्योग तथा वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा दर्ता भई यो कम्पनी पब्लिक लिमिटेड कम्पनीको रूपमा स्थापना भएको हो। मिति २०५० श्रावण ६ गते बीमा समितिबाट निर्जीवन बीमा व्यवसाय गर्ने बिमकको प्रमाण पत्र पाई नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयबाट २०५० श्रावण १३ गतेमा कारोवार सुरु गर्ने इजाजत पत्र प्राप्त गरि २०५० मार्ग १६ गतेदेखि निर्जीवन बीमा कारोवार सुरु गरिएको हो।

२. **निकायको काम, कर्तब्य र अधिकार**: केन्द्रीय कार्यालय बबरमहल, काठमाण्डौमा भएको यस कम्पनीले देशको विभिन्न स्थानमा गरि जम्मा ८ वटा शाखा र ५ वटा उपशाखा कार्यालयहरु र ३ वटा एक्स्टेन्सन काउन्टरबाट समेत कम्पनीको प्रवन्धपत्र र नियमावलीको अधिनमा रही आफ्नो काम कर्तव्य र अधिकारहरु प्रयोग गरि व्यवसाय संचालन गर्दै आएको छ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण**: हाल यस कम्पनीमा स्थायी, अस्थायी र करार सेवामा समेत गरि ११९ जना कर्मचारी कार्यरत छन्।
आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०६३ तथा कर्मचारी नियमावली, २०६७ र बीमकको सस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७३ बमोजिम कर्मचारीहरुको कार्य विभाजन गर्दै आएको छ।

४. **निकायबाट प्रदान गरिने सेवा**: विभिन्न निर्जिवन बीमा सेवाहरू जस्तै अग्नी, सामुद्रिक, मोटर, हवाई, ईन्जिनियरिङ्ग, विविध, कृषी तथा पशु र माईक्रो बीमा सेवा प्रदान गरिदै आएको छ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**:

| सि.नं. | कार्यालयहरु | प्रमुख |
|---|---|---|
| १ | केन्द्रीय कार्यालय, बबरमहल | प्रमुख कार्यकारी अधिकृत श्री सुशील वज्राचार्य |
| २ | शाखा कार्यालय, काठमाण्डौ | शाखा प्रमुख श्री अनुज लाखे |
| ३ | शाखा कार्यालय, ललितपुर | शाखा प्रमुख श्रीमती अन्जु श्रेष्ठ |
| ४ | शाखा कार्यालय, बनेपा | शाखा प्रमुख श्री मनोहर अधिकारी |
| ५ | शाखा कार्यालय, पोखरा | शाखा प्रमुख श्री हरि प्रसाद श्रेष्ठ |
| ६ | शाखा कार्यालय, बिराटनगर | शाखा प्रमुख श्री निरन्जन श्रेष्ठ |
| ७ | शाखा कार्यालय, बिरगंज | शाखा प्रमुख श्री हरि गोपाल श्रेष्ठ |
| ८ | शाखा कार्यालय, बुटवल | शाखा प्रमुख श्री शंकर श्रेष्ठ |
| ९ | शाखा कार्यालय, नारायणगढ | शाखा प्रमुख श्री अच्युत प्रसाद रिजाल |
| १० | उपशाखा कार्यालय, चौतारा | उपशाखा प्रमुख श्री निराजन श्रेष्ठ |
| ११ | उपशाखा कार्यालय, सिमरा | उपशाखा प्रमुख श्री शंकर पौडेल |
| १२ | उपशाखा कार्यालय, दमौली | उपशाखा प्रमुख श्री लक्ष्मण भुमी |
| १३ | उपशाखा कार्यालय, दमक | उपशाखा प्रमुख श्री सुमन दुलाल |
| १४ | उपशाखा कार्यालय, भैरहवा | उपशाखा प्रमुख श्री अनिल शाक्य |
| १५ | सतुङ्गल एक्टेन्सन काउन्टर | प्रमुख श्री मनोज कुमार मर्हजन |
| १६ | भक्तपुर एक्टेन्सन काउन्टर | प्रमुख श्री करीश्मा जोन्छें |
| १७ | नख्खु एक्टेन्सन काउन्टर | प्रमुख श्री सरोज सुवाल |

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**: यस कम्पनीले गर्ने बीमाहरू बीमा समितिबाट जारी भएका निर्देशन बमोजिमको दर रेटमा र दर रेट नतोकिएका बीमाको हकमा अण्डरराईटिङ्ग विभागबाट तोकिए बमोजिम वा पूनर्बिमकहरुबाट तोकिए बमोजिमका बीमाशुल्क भुक्तानी भएपछि तत्कालै बीमालेख उपलब्ध गराउने व्यवस्था गरिएको छ। दाबीको हकमा सर्भेयरको प्रतिवेदन प्राप्त भएपछि वा आवश्यक कागजात प्राप्त भएको १५ दिन भित्रमा भुक्तानी गरिने व्यवस्था छ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारी**: आर्थिक प्रशासन सम्बन्धी विनियमावली तथा कर्मचारी नियमावली बमोजिम शाखा प्रमुख, विभागिय प्रमुख, नायब महाप्रबन्धक तथा प्रमुख कार्यकारी अधिकृतलाई साङ्गठनिक स्वरुप अनुसार निर्णय गर्ने अधिकारी तोकिएको छ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी**: उजुरीको प्रकृती अनुसार शाखा प्रमुख, विभागिय प्रमुख, नायब महाप्रबन्धक, कम्पनी सचिव तथा प्रमुख कार्यकारी अधिकृतलाइ निर्णय उपर उजुरी सुन्ने अधिकारी तोकिएको छ।

९. **सम्पादन गरेको कामको विवरण**: बीमा ऐन, २०४९ तथा बीमा नियमावली, २०४९, तथा बीमा समितिको निर्देशन र परिपत्र बमोजिम निर्जिवन बीमा सेवाका सम्पूर्ण सेवाहरू कम्पनीले सम्पादन गर्न सक्नेछ।

१०. **सूचना अधिकारी र प्रमुखको नाम एवं पद**:
सूचना अधिकारीको नाम : श्री ध्रुव प्रसाद न्यौपाने
प्रमुख कार्यकारी अधिकृत : श्री सुशील वज्राचार्य

११. **ऐन, नियम, विनिमय वा निर्देशिकाको सूची**: सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशनहरु यस कम्पनीले पालना गर्दै देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरू निर्जिवन बीमा व्यवसायको लागि प्रमुख रहेका छन्।
क) कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली, २०६४
ख) बीमा ऐन, २०४९ तथा बीमा नियमावली, २०४९
ग) धितोपत्र ऐन, २०६३ तथा धितोपत्र नियमावली, २०६४
घ) करार ऐन, २०५६ तथा नियमावली
ङ) बीमा समितिबाट जारी गरिएका सम्पूर्ण निर्देशनहरू तथा परिपत्रहरू
च) अण्डरराईटिङ तथा दावी सम्बन्धी म्यानुयलहरू, पूनर्बिमा नीति, आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०६३ तथा कर्मचारी नियमावली, २०६७

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरण**: कम्पनीको आम्दानी खर्च वित्तिय अध्यावधिक विवरण त्रैमासिक रूपमा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुदै आएको छ साथै कम्पनीको वेव साईट www.hgi.com.np मा समेत उपलब्ध छ।

१३. **तोकिए बमोजिमका अन्य विवरण**: नभएको।

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण**: हवाई बीमा बारेमा बिभिन्न सरोकारवालाहरुलाई जानकारी गराउन विगत ४ वर्ष देखि बार्षिक रुपमा Aviation Summit आयोजना गर्दै आएको छ।

१५. **सार्वजनिक निकायको वेभसाइट भए सो को विवरण**: www.hgi.com.np

१६. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सोको विवरण**: कम्पनीको त्रैमासिक आर्थिक विवरणहरू राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरि कम्पनीको वेव साईटमा समेत राख्ने गरिएको छ। यस कम्पनीको आयोजनामा २०७३ साल माघ ७ गते नेपाल एभिएसन सम्मिट सम्पन्न गरिएको थियो जसमा स्वदेश तथा विदेशबाट समेत गरि १०० भन्दा बढी हवाई बीमा सम्बन्धि सरोकारवालाहरुको सहभागिता थियो।

यस कम्पनीको हकप्रद शेयर निष्काशनको लागि मिति २०७४ आषाढ २८ गते देखि २०७४ भाद्र ९ गतेसम्म बिक्री खुला गरि आवेदन माग गरिएकोमा सर्वसाधारण समूह तर्फ ७१५३० कित्ता शेयरको लागि आवेदन नपरेकाले प्रचलित नियम कानूनको अधिनमा रहि उक्त शेयरहरू लिलाम बढाबढ गरि बिक्री गर्नको लागि २०७४ मंसिर ०४ गते अपरान्ह २.३० बजे भित्र तोकिएका संकलन केन्द्रहरूमा आईपुग्ने गरि प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तोकिएको शर्तशरूको अधिनमा रहि शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिएको सूचना नियम अनुसार बिभिन्न पत्र पत्रिकाहरूमा प्रकाशन गरिएका छन्।

श्री बीमा समितिले निर्जीबन बीमा कम्पनीहरुलाई चुक्ता पूंजी बढाउन दिएको निर्देशन समय सिमा भित्रै परिपालन गरिएको छ।


**हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेड**
**HIMALAYAN GENERAL INSURANCE COMPANY LIMITED**
केन्द्रिय कार्यालयः वडा नं.११, बबरमहल, काठमाण्डौं, पो.ब.नं.१४८
फोन नं. ४२३१७८८, ४२१३०१४, फ्याक्स नं. ४२४१५१७